२०७७/०६/२३ मा स्वीकृत

मन्त्री

जिल्लास्तर कृषि विकास कार्यक्रम सञ्चालन विधि, २०७७

प्रस्तावनाः भौगोलिक अनुकूलता, तुलनात्मक लाभ र कृषकको मागलाई सम्बोधन गरी लुम्बिनी प्रदेशका जिल्ला स्थित कृषि क्षेत्र हेर्ने कार्यालय मार्फत सञ्चालन हुने र चालु आ. व. मा विनियोजित वजेट तथा कार्यक्रमलाई व्यवस्थित, पारदर्शी र प्रभावकारी रुपमा सञ्चालन गर्न वाञ्छनीय भएकाले लुम्बिनी प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले देहायको सञ्चालन विधि बनाई लागू गरेको छ।

परिच्छेद -१

प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस सञ्चालन विधिको नाम "जिल्लास्तर कृषि विकास कार्यक्रम सञ्चालन विधि, २०७७" रहेको छ।

(२) यो सञ्चालन विधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस सञ्चालन विधिमाः

(क) "अनुदान" भन्नाले यस सञ्चालन विधि अनुरुप सञ्चालन गरिने कार्यक्रमको लागि कार्यालयबाट उपलब्ध गराईने रकम, राहत र प्राविधिक सेवा समेतलाई सम्झनु पर्छ।

(ख) "अनुदानग्राही" भन्नाले यस सञ्चालन विधि बमोजिम अनुदान प्राप्त गर्ने कृषक/फार्म/कृषि उद्यमी/कम्पनी/कृषक समूह/सहकारी संस्था/उपभोक्ता समिति /स्थानीय तह/ सामाजिक तथा शैक्षिक संघ संस्थालाई सम्झनु पर्छ।

(ग) "कम्पनी" भन्नाले व्यवसाय गर्न चाहने व्यक्ति वा समूहले प्रचलित कम्पनी कानून अनुरुप दर्ता भएका संस्थालाई सम्झनु पर्छ।

(घ) "कार्यक्रम" भन्नाले यस सञ्चालन विधिको दफा ६ मा उल्लेख भएका क्रियाकलाप/कार्यक्रमलाई सम्झनु पर्छ।

(ङ) "कार्ययोजना" भन्नाले सहकार्यमा कार्यक्रमहरु सञ्चालन गर्नको लागि आवश्यकता अनुसार साझेदारले पेश गरेको विस्तृत क्रियाकलाप, लागत अनुमान, समयावधि, जिम्मेवार पक्ष सहितको विवरणलाई सम्झनु पर्छ।

(च) "कार्यालय" भन्नाले लुम्बिनी प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय अन्तर्गतको कृषि ज्ञान केन्द्र वा एकिकृत कृषि तथा पशुपन्छी विकास कार्यालयलाई सम्झनु पर्छ।

(छ) "कृषक समूह" भन्नाले कृषि पेशामा संलग्न भई मिल्दाजुल्दा समस्या, आवश्यकता र चाहनाहरु भएका न्यूनतम् १५ वा सो भन्दा बढी व्यक्तिहरु मिलेर सामूहिक प्रयत्नद्वारा कृषि क्षेत्रमा साझा उद्देश्यहरु प्राप्त गर्न स्थापना भई आधिकारिक निकायमा दर्ता भएको संस्थालाई सम्झनु पर्छ ।

(ज) "निर्देशनालय" भन्नाले लुम्बिनी प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय अन्तर्गतको कृषि विकास निर्देशनालयलाई सम्झनु पर्छ।

मन्त्री

(झ) "फर्म" भन्नाले प्रचिलत कानून अनुसार दर्ता भएको निजी क्षेत्रका व्यवसायी/उद्यमीको संस्थालाई सम्झनु पर्छ।

(ञ) "मन्त्रालय" भन्नाले लुम्बिनी प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयलाई सम्झनु पर्छ।

(ट) "सहकारी" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएको कृषि सम्बन्धी कार्य गर्ने संस्थालाई सम्झनु पर्छ।

(ठ) "समिति" भन्नाले यस सञ्चालन विधिको दफा १२ अनुसार गठित कार्यक्रम व्यवस्थापन समितिलाई सम्झनु पर्छ ।

(ड) "स्थानीय तह" भन्नाले लुम्बिनी प्रदेश भित्रका गाउँपालिका वा नगरपालिका वा उपमहानगरपालिकालाई सम्झनु पर्छ।

३. <u>उद्देश्यः</u> यस सञ्चालन विधिको उद्देश्य देहाय बमोजिम हुनेछ :-

(क) कृषि उत्पादन तथा उत्पादकत्व बृद्धि गरी खाद्य तथा पोषण सुरक्षामा टेवा पुऱ्याउने,

(ख) कृषि प्रणालीलाई आधुनिकीकरण, व्यबसायिकरण गरी उत्पादन र उत्पादकत्वमा गुणात्मक बृद्धि गरी प्रतिस्पर्धात्मक क्षमता विकास गर्ने।

(ग) प्रविधि हस्तान्तरण मार्फत अनुदान दिई कृषि व्यवसायलाई व्यवसायीकरण गरी आत्मनिर्भर, आधुनिक र प्रतिस्पर्धी बनाउने,

(घ) कृषि उपजको सरल र सुलभ बजार पहुँच बृद्धि गर्दै आयात प्रतिस्थापन गरी निर्यात प्रवर्द्धन गर्दै कृषकहरुको आयस्तरमा सुधार गर्ने,

(ङ) कार्यक्रमहरु व्यवस्थित, पारदर्शी र प्रभावकारी रुपमा सञ्चालन गर्ने।

(च) रोजगारीका अवसरहरु सृजना गरी कृषि पेशालाई ब्यबसायिक एंव मर्यादित पेशाको रुपमा स्थापित गराउने।

४. <u>सरोकारवाला निकायहरुः</u> यस कार्यक्रम सञ्चालन गर्न विभिन्न सरोकारवालाहरुको देहाय बमोजिमको भूमिका हुनेछ :-

(क) कृषक/फर्म/कम्पनी/समूह/सहकारी संस्था मार्फत एकल वा संयुक्त रुपमा कार्यालयबाट कृषि विकास कार्यक्रम सञ्चालन हुनेछ।

(ख) कार्यालयले प्रविधि विस्तार तथा सेवा टेवा र कार्यक्रम सञ्चालन गर्नेछ।

(ग) निर्देशनालयले कार्यक्रम सञ्चालनको लागि आवश्यक पर्ने विषयगत कार्यक्रम अनुसार कार्यालयहरुको समन्वयमा प्रस्तावहरुको र मुल्याङ्कनका सूचक/आधारहरुको ढाँचा तयार गरी सम्वन्धित कार्यालयलाई निर्देशन गर्ने र कार्यक्रम कार्यान्वयनमा आईपरेका समस्या समाधान गर्न र अनुगमन गरी पृष्ठपोषण गर्न सहयोग गर्नेछ ।

(घ) मन्त्रालयले कार्यक्रम तर्जुमा, नीतिगत सहजीकरण, अनुगमन मूल्याङ्कन तथा समन्वय गरी कार्यक्रम कार्यन्वयनमा सहयोग गर्नेछ ।

मन्त्री

(ङ) स्थानीय तह, प्रदेश सरकार र नेपाल सरकारले कार्यक्रम गर्दा दोहोरोपन नहुने गरी आपसी सहयोगको लागि समन्वय र सहकार्य गर्नु पर्नेछ।

(च) अनुदानग्राही र कार्यालयको आवश्यकताको आधारमा कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन गर्न कृषि सम्बन्धी कार्य गर्ने गैर सरकारी संस्थाले समन्वय र सहकार्य गर्नु पर्नेछ।

५. <u>जिल्लास्तर कृषि विकास कार्यक्रमको किसिम र संचालनः</u> जिल्लास्थित कृषि हेर्ने एकिकृत कृषि विकास कार्यालय वा कृषि ज्ञान केन्द्रबाट सञ्चालन हुने जिल्लास्तर कृषि विकास कार्यक्रमको प्रकृति देहायवमोजिम हुनेछः

(१) **प्रविधि विकास, परिक्षण तथा विस्तार सहयोग कार्यक्रमः** यस कार्यक्रम अन्तर्गत कार्यमुलक अनुसन्धान, अध्ययन तथा प्रविधि परिक्षण, कृषक पाठशाला, सीप तथा क्षमता विकास, जनचेतनामूलक कार्य, दिवस, असल कृषि अभ्यास प्रणाली, प्रविधि प्रदर्शन र प्रविधि विस्तार जस्ता प्रविधि विकास तथा सेवा टेवा सहयोग कार्यक्रमहरु सञ्चालन गरिनेछ । यस्ता कार्यक्रम आफै कार्यालयले शत प्रतिशत लागतमा सञ्चालन गरिनेछ।

(२) **श्रोत केन्द्र स्थापना तथा उत्पादन सामग्री सहयोग कार्यक्रमः** यस कार्यक्रम अन्तर्गत कृषकलाई आवश्यक पर्ने उत्पादन सामग्री (मल, वीउ, वेर्ना आदि) को उपलव्धता सहज बनाउन तथा श्रोत केन्द्र स्थापना गर्न कार्यक्रम सञ्चालन गरिनेछ।

(३) **व्यवसाय उन्मुख तथा व्यवसायिक कृषि विकास कार्यक्रमः** यस कार्यक्रम अन्तर्गत कृषि व्यवसाय उन्मुख वा व्यवसायिक कृषक वा उद्यमीबाट उद्यमको विकास गर्नको लागि कृषक/उद्यमीहरुलाई प्रोत्साहन गर्नको लागि व्यवसाय उन्मुख उत्पादनका साथै आयमुलक तथा रोजगारी सिर्जना गर्ने व्यवसाय प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ।

(४) **अन्य कार्यक्रमः** माथि नसमेटीएका विभिन्न जिल्लास्तर कृषि विकास कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

परिच्छेद -२

सञ्चालित कार्यक्रमहरु

६. **जिल्लास्तर कृषि विकास कार्यक्रमहरुको विवरण:** कार्यालयको स्वीकृत वार्षिक कार्यक्रम तथा बजेट परिधिभित्र रही देहायबमोजिमका कार्यक्रमहरु हुनेछन्:

क्र.सं.	कार्यक्रम	मापदण्ड	सञ्चालन गर्न सकिने क्रियाकलापहरु	अनुदान रकम/प्रतिशत
१	प्रविधि विकास, परिक्षण तथा विस्तार सहयोग कार्यक्रम			
(क)	प्रदर्शन कार्यक्रम	• कृषि व्यवसाय उन्मुख वा व्यवसायिक क्षेत्रमा कृषक छनौट गरी कार्यक्रम संञ्चालन गर्ने • लागत अनुमान र समय सिमा सहितको कार्ययोजना कार्यालयले स्विकृत गरी कार्यक्रम गर्ने • प्रति अनुदानग्राही रु ५ लाख भन्दा बढि लागतको प्रदर्शन कार्यक्रम भएमा कृषि विकास निर्देशनालयबाट अनुमोदन गराउनु पर्नेछ।	• तोकिएका प्रदर्शन भए तोकिए वमोजिमको क्रियाकलापहरु • नतोकिएका भए आवश्यकता वमोजिम उत्पादन, नतिजा, वाली चक्र, प्रविधि आदि प्रदर्शन कार्यक्रममा आवश्यक क्रियाकलापहरु • सरकारी स्थलका साथै अन्य स्थानमा पनि सञ्चालन गर्न सकिने	• प्रविधिको रुपमा खरिद गरिने सामग्री सबै कार्यालयले व्यवस्थापन गर्ने र कृषकको घरमा उपलव्ध हुने सामग्री कृषकले उपलव्ध गराउनुपर्ने
(ख)	मूल्य संकलन	• मूल्य संकलन गर्ने स्थल, समय र संख्या नियमानुसार तोक्ने, • कृषकले पाउने मूल्य संकलनको हकमा कृषि वस्तुको मूल्य संकलन निर्दीष्ट फर्मेट अनुसार प्रमुख पकेट क्षेत्रमा गर्नु पर्ने, • सिमावर्तिय मूल्य संकलनको हकमा सिमावर्तिय मूल्य संकलन गर्दा तोकिएका बजारहरुबाट निर्दिष्ट फारम अनुसार मासिक रुपमा थोक मूल्य संकलन गर्ने ।	• कृषिजन्य वस्तुहरुको मूल्य सङ्कलन देहाय वमोजिम चार तहमा संकलन गर्नुपर्ने, • खुद्रा मूल्य संकलन, • थोक मूल्य संकलन, • सीमावर्ती मूल्य संकलन र • कृषकले पाउने मूल्य संकलन	• पाक्षिक वा मासिक रुपमा मूल्य संकलन गर्दा आवश्यकता र नियमानुसार खर्च गर्न सकिने छ ।
(ग)	वाली कटानी	• प्रति नमूना १० वर्ग मीटरको क्षेत्रफल कायम गरी नमूना क्षेत्रफलबाट तोकिएको बाली कटानी गर्ने, • ५ वटा randomized नमूनाबाट उत्पादन रेकर्ड लिने, • कार्यक्रम विनियोजित बजेट र स्वीकृत कार्यक्रमको परिधि भित्र रही सञ्चालन गर्नु पर्नेछ ।	• जिल्लामा विभिन्न बालीहरूको कुल उत्पादन अनुमान गर्न र उक्त बालीले ढाकेको क्षेत्रफल बाली विशेष समूह (सिंचाईको अवस्था र वालीको जात) मा विभाजन गरी प्रत्येक समूहले ढाकेको क्षेत्रफल अनुमान गर्ने।	• प्रति वाली कटानी स्थानीय जिल्ला दररेट अनुसार १ दिनको अदक्ष ज्यामी ज्याला बराबरको रकम खर्च गर्न सकिने छ।
(घ)	माटो परिक्षण शिविर/माटो सप्ताह सञ्चालन	• कृषक सहभागितामा उर्वराशक्तिको जानकारी लिने, • स्थलगत रुपमा माटो विश्लेषण गर्ने, • बाली उत्पादन क्षेत्रमा स्थलगत माटो विश्लेषण कार्य गर्ने, • माटो व्यवस्थापन सम्बन्धी प्रविधिहरु सिफारिश गर्न कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।	• माटो परिक्षण शिविर सञ्चालन गर्न आवश्यक पर्ने रसायन, उपकरणहरु र प्राविधिक सेवा उपलब्ध गराउने, • कार्यालयले कृषकहरुलाई कार्यक्रमवारे जानकारी गराई अन्य सबै व्यवस्थापन गर्ने,	• कार्यालयले चियापान, ब्यानर, स्टेसनरी ब्यवस्थापन आदिको लागि रु. २,५००/- खर्च गर्ने, • प्रयोगशालाले कम्तिमा १०० वटा माटोका नमूना परीक्षणका

क्र.सं.	कार्यक्रम	मापदण्ड	सञ्चालन गर्न सकिने क्रियाकलापहरु	अनुदान रकम/प्रतिशत
	कार्यक्रम	प्राविधिक मापदण्डः • माटो परीक्षण शिविर सञ्चालन २ दिन • पहिलो दिन माटो परीक्षण (कम्तीमा १०० नमूना) • दोस्रो दिन माटो व्यवस्थापन तालिम/अन्तरकृया	• माटो व्यवस्थापन तालिमसंग आवद्ध गरी माटो परिक्षण शिविर सञ्चालन गर्न प्रभावकारी बनाउने।	लागि आवश्यक रिएजेन्ट खरिद रु. ६,६००/- सम्म र दै.भ्र.भत्ता, इन्धन आदि नियमानुसार खर्च गर्न सकिनेछ।
२	**श्रोत केन्द्र स्थापना तथा उत्पादन सामग्री सहयोग कार्यक्रम**			
(क)	तरकारी/फल फूल/ पुष्प नर्सरी स्थापना तथा सुदृढीकरण कार्यक्रम	• तरकारी/फलफूल/पुष्प नर्सरीहरू स्थापना तथा सुदृढीकरण गरी उत्पादन क्षमता र गुणस्तरीयता अभिवृद्धि गर्न, • वार्षिक रुपमा गुणस्तरीय वेर्ना उत्पादन गर्नुपर्ने, • विरुवा उत्पादनको लागि आवश्यक जग्गा उपलव्ध हुनुपर्ने।	• नर्सरी व्यवस्थापनका लागि वीउ तथा बेर्ना, प्राङ्गारिक/ भर्मीकम्पोट मल आदि खरिद • पम्पसेट, मोटर, पाइप, पोखरी, सिंचाइ पूर्वाधार, लगायतका कार्यमा, • सेड/ग्रीन/नेट हाउस लगायत औजार/उपकरण (फुट स्प्रेयर, प्रुनर, बडिङ्ग नाइफ आदि) आदि खरिद/निर्माण	• स्विकृत कार्ययोजनाको कूल लागतमा ५० प्रतिशत वा प्रति हेक्टर अधिकतम ३ लाख मध्ये जुन कम हुन आउछ सो रकम अनुदान उपलब्ध गराईनेछ।
(ख)	एक पालिका एक स्थायी नर्सरी स्थापना	• कृषि व्यवसाय उन्मुख वा व्यवसायिक क्षेत्रमा कृषक छनौट गरी कार्यक्रम संञ्चालन गर्ने • प्रत्येक स्थानीय तहको सिफारिसमा उद्यमी/कृषक/समुह /समिति/ सहकारीहरुले आवेदन पेश गर्न सक्ने • नर्सरी स्थापना गर्ने जग्गा कम्तीमा ४ रोपनी वा ६ कठ्ठा भई कम्तीमा ५ हेक्टरमा व्यवसायिक क्षेत्र विस्तार भएको हुनुपर्ने।	• पालिकामा आवश्यक वेर्ना उत्पादन गर्न तरकारी/ फलफूल /पुष्प नर्सरी व्यवस्थापनका लागि वीउ तथा बेर्ना खरिद प्राङ्गारिक/ भर्मीकम्पोट मल आदि खरिदमा सहयोग • सिंचाई, सेड/ग्रीन/नेट हाउस लगायत औजार/उपकरण आदि खरिद/निर्माण	• स्विकृत कार्ययोजनाको कूल लागतमा ५० प्रतिशत वा छुट्टाइएको वजेटबाट प्रत्येक स्थानीय तहमा हुन आउने रकम मध्ये जुन कम हुन आउछ सो रकम अनुदान उपलब्ध गराईनेछ।
(ग)	कृषि औजार उत्पादनमा अनुदान सहयोग	• कृषि उत्पादन तथा प्रशोधन सम्वन्धी औजार उपकरण उत्पादन कार्यमा कम्तिमा १ बर्षको अनुभव हुनु पर्ने । • न्युनतम २ कठ्ठा क्षेत्रफल सहित औजार उत्पादन कक्ष वर्कसप हुनु पर्ने । • जमिन आबेदकको स्वामित्वमा वा कम्तिमा १० बर्षको लागी भाडामा लिएको हुनु पर्ने । • नियमानुसार दर्ता भएका निजी उद्यमीले आबेदन पेश गर्न सक्नेछन ।	• कृषि उत्पादनमा प्रयोग हुने हाते औजार उपकरण उत्पादन र सुधार गर्ने कार्यमा अनुदान सहयोग उपलब्ध हुने । • कृषि औजार उपकरण उत्पादनका लागी आवश्यक पर्ने औजार उपकरण सामग्री खरिद • सामग्री जडान कार्य ।	• स्विकृत कार्ययोजनाको कूल लागतमा ५० प्रतिशत वा अधिकतम रु ३ लाख मध्ये जुन कम हुन आउछ सो रकम अनुदान उपलब्ध गराईनेछ।
(घ)	मौरी चरन	• सामुदायिक/कबुलियती/ऐलानी/व्यक्तिगत वन, निजी जग्गा,	• चिउरी, कल्की लगायत अन्य मौरी चरनमैत्री	• प्रति विरुवा रोपण सहित रु.

क्र.सं.	कार्यक्रम	मापदण्ड	सञ्चालन गर्न सकिने क्रियाकलापहरु	अनुदान रकम/प्रतिशत
	क्षेत्र विस्तार कार्यक्रम	सार्वजनिक जग्गा, गुठी, धार्मिक स्थलहरुमा कार्यक्रम सञ्चालन हुने।	विरुवा तथा सिजनल बीउ दिन सकिने, • तारवार वा वारवन्देज बाहेक विरुवाको मूल्य र ढुवानी, खाडल खन्ने खर्च, मल र रोपणमा सहयोग गर्ने। • खाल्टो खन्ने मसीनमा अनुदान दिन सकिने।	१०० वा परेको लागतको ५० % जुन कम हुन्छ सो बराबरको रकम स्थलगत निरीक्षण पश्चात दिइने र मौसमी बालीको हकमा बीउ मुल्यमा ५०% रकम दिन सकिने।
(ङ)	ढैचा बीउ उत्पादन	• बीउ उत्पादन कार्यमा कम्तिमा १ बर्ष देखि संलग्न कृषक/ सहकारी/ कृषक समुह तथा निजी फर्म मार्फत कार्यक्रम सञ्चालन गरिने । • जग्गाको क्षेत्रफल कम्तिमा २ हेक्टरको क्लष्टरमा हुनुपर्ने।	• आवश्यक मूल बीउ खरिद, रोग किरा व्यबस्थापन सामग्री खरिद, सिचाई सामग्री खरिद, प्रशोधन उपकरण, बोरा तथा बोरा सिलाउने मेशिन आदि खरिद क्रियाकलापमा खर्च गर्न सकिने	• स्विकृत कार्ययोजनाको कुल लागतको ५० प्रतिशत वा प्रति २ हेक्टर रु २ लाख मध्ये जुन कम हुन्छ सोही ।
३	व्यवसाय उन्मुख तथा व्यवसायिक कृषि विकास कार्यक्रम			
(क)	कृषि तथा वाली वस्तु विशेष उत्पादन तथा प्रवर्द्धन कार्यक्रम	• कार्यक्रम सञ्चालनको लागि अन्य कार्यक्रमहरुबाट सम्बोधन हुन नसकेको बालीवस्तुलाई प्राथमिकता दिई सञ्चालन गरिनु पर्ने (च्याउ, अलैंची, अदुवा, बेसार, उखु आदि), • सूचना अवधि भित्र कृषि व्यवसाय सञ्चालनका लागि माग गरिएको आवेदन पत्र हुनपर्ने, • बालीको उत्पादनको हकमा प्रति प्रस्ताव १ हेक्टरको क्षेत्रफल र च्याउ खेतीको लागि न्यूनतम ८०० वल वा पोकामा च्याउ उत्पादन गर्नुपर्ने।	• वीउ तथा बेर्ना खरिद प्राङ्गारिक/ भर्मीकम्पोट मल आदि खरिद • कार्यक्रमले सम्बोधन गर्ने क्षेत्रहरु कृषि बस्तु उत्पादन, सिंचाई, प्रशोधन तथा बजारीकरणका कृयाकलापहरु • आवश्यक पर्ने कृषि औजार उपकरण सामग्री खरिद	• स्विकृत कार्ययोजनाको कुल लागतको ५० प्रतिशत वा रु एक लाख मध्ये जुन कम हुन्छ सो रकम अनुदान उपलब्ध गराउने।
(ख)	तरकारी प्रवर्द्धन कार्यक्रम र लसुन प्याज प्रवर्द्धन कार्यक्रम	बाली / तराई / पहाड व्यक्तिगत / १ हेक्टर / ०.५ हेक्टर सामुहिक / ३ हेक्टर / २ हेक्टर	• तरकारी र मसला (लसुन र प्याज) बाली उत्पादन तथा प्रशोधन, बजारीकरणका आवश्यक कृयाकलापहरु • आवश्यक पर्ने कृषि औजार उपकरण सामग्री खरिद	• स्विकृत कार्ययोजनाको कुल लागतको कुल लागतमा ५० प्रतिशत वा प्रति हेक्टर रु १ लाख मध्ये जुन कम हुन आउछ सो रकम अनुदान उपलब्ध गराईने।
(ग)	सिंचित क्षेत्र लक्षित कृषि विकास	बाली / तराई / पहाड व्यक्तिगत / १ हेक्टर / ०.५ हेक्टर सामुहिक / ३ हेक्टर / २ हेक्टर	• कृषि वाली उत्पादन तथा प्रशोधन, बीज बृद्धि तथा बीउ प्रशोधन, उन्नत जात विस्तार, • उर्वराशक्ति व्यवस्थापन, सीप/जनचेतना	• स्विकृत कार्ययोजनाको कुल लागतमा ५० प्रतिशत वा प्रति हेक्टर रु १ लाख मध्ये जुन कम

क्र.सं.	कार्यक्रम	मापदण्ड	सञ्चालन गर्न सकिने क्रियाकलापहरु	अनुदान रकम/प्रतिशत
	कार्यक्रम	बिजबृद्धी: तराई: व्यक्तिगत ०.५ हेक्टर, सामुहिक २ हेक्टर; पहाड: व्यक्तिगत ०.५ हेक्टर, सामुहिक हेक्टर	विकास, बीज बृद्धि सहयोग आदी	हुन आउछ सो रकम अनुदान उपलब्ध गराईने।
(घ)	फलफूल क्षेत्र विस्तार कार्यक्रम	• फलफूलको जात, रेखाङ्कन, खाडलको तयारी, मलखाद, बगैंचा व्यवस्थापन आदि प्राविधिक मापदण्ड अनुसार हुनुपर्ने, • जग्गा भाडामा लिएको भए कम्तिमा १० वर्षको करार सम्झौता हुनुपर्ने, • बाँझो रहेको खेतीयोग्य जग्गालाई प्राथमिकता दिइने, • उच्च घनत्व वेर्ना रोपणलाई प्राथमिकता दिइने, • जग्गाको क्षेत्रफल कम्तिमा १ हेक्टरको क्लष्टरमा बढीमा ३ वटा बगैंचा हुनुपर्ने।	• सिंचाइका लागि पम्पसेट, मोटर, पाइप, थोपा सिंचाइ प्रणालीसँग सम्बन्धित सामग्री, सिकेचर, आरी, विडर, स्प्रेयर लगायतको औजार/उपकरण खरिद, • वेर्ना रोप्न रेखाङ्कन र खाडलको तयारी, • वेर्ना, प्राङ्गारिक/ भर्मीकम्पोट मल खरिद र ढुवानी, • जैविक वन्देज वा bio-fencing को कार्य (नीलकाँडा, बाँस, जिङ्गट, असुरो आदि)।	• क्षेत्र विस्तारको उल्लेखित क्रियाकलापहरु गर्नको लागि स्विकृत कार्ययोजनाको कुल लागतको ५० प्रतिशत वा प्रति हेक्टर रु. १ लाखमा नबढने गरी अनुदान उपलब्ध गराउने।
(ङ)	पुष्प उत्पादन तथा प्रवर्द्धन कार्यक्रम	• खेती गरिने पुष्पको प्रजाति र जात बजारको माग वमोजिम हुने, • जग्गा भाडामा लिएको भए कम्तिमा ५ वर्षको करार सम्झौता हुनुपर्ने, • बाँझो रहेको खेतीयोग्य जग्गालाइ प्राथमिकता दिइने, • जग्गाको क्षेत्रफल • तराइको हकमा कम्तिमा ०.५ हेक्टरको क्लष्टरमा बढीमा ६ वटा बगैंचा हुनुपर्ने, • पहाडको हकमा कम्तिमा ७ रोपनीको क्लष्टरमा बढीमा ७ वटा बगैंचा हुनुपर्ने।	• प्लाष्टिक घर निर्माण, • पम्पसेट, मोटर, पाइप, पोखरी, थोपा सिंचाइ प्रणाली लगायत सिंचाइ पूर्वाधार निर्माण, • मिनी टिलर लगायत औजार/उपकरण खरिद, • स्प्रेयर, कैंची, प्लाष्टिक क्रेट लगायत खरिद, • पुष्प नर्सरी स्थापना गर्ने। • बीउ/वेर्ना, प्लाष्टिक छापो, प्राङ्गारिक/ भर्मीकम्पोट मल आदि खरिद।	• क्षेत्र विस्तारको उल्लेखित क्रियाकलापहरु गर्नको लागि स्विकृत कार्ययोजनाको कुल लागतको ५० प्रतिशत वा प्रति १ हेक्टर रु. २ लाखमा नबढ्ने गरी।
(च)	बगर खेती प्रवर्द्धन कार्यक्रम	• यो कार्यक्रम खाली रहेको नदी र खोला/नालाको तटीय क्षेत्रमा सञ्चालन गरिने, • व्यक्तिगत भए कम्तिमा ०.५ हेक्टर तर समुहमा भए कम्तिमा १ हेक्टर क्षेत्रफलमा व्यवसायिक रुपमा खेती गर्नुपर्ने, • लहरे तरकारी बालीको लागि फूल र फलको बृद्धिको जमिन नछुने गरी व्यवस्था गर्नुपर्ने।	• सिंचाइका लागि पम्पसेट, मोटर, पाइप लगायतको सामग्री खरिद, • बीउ बीजन, शुक्ष्म खाद्यतत्व, हार्मोन लगायतका विषादी खरिद, • डिजिटल तराजु, प्लाष्टिक क्रेट, कैंची, स्प्रेयर लगायतका सम्बन्धित सामग्री खरिद।	• स्विकृत कार्ययोजनाको कुल लागतको ५० प्रतिशत वा प्रति हेक्टर रु १ लाख मध्ये जुन कम हुन आउछ सो रकम अनुदान उपलब्ध गराईने।

क्र.सं.	कार्यक्रम	मापदण्ड	सञ्चालन गर्न सकिने क्रियाकलापहरु	अनुदान रकम/प्रतिशत
(छ)	रैथाने बालीहरुको प्रवर्धन तथा बजारीकरण	• भूगोल वा क्षेत्र अनुसार उपलब्ध भएका स्थानीय वालीहरुमा प्राथमिकता दिई वाली छनौट गर्ने, • बजार योग्य परिमाणमा उत्पादन हुने क्षेत्रमा ब्लक बनाई उत्पादन कार्यक्रम सञ्चालन गर्ने, • उत्पादित कृषि उपजको प्रवर्द्धनात्मक तथा वजारिकरणका कार्यक्रम सञ्चालन गर्ने, • कार्यालयले जनचेतनामूलक, प्रविधि विकास तथा प्रदर्शन कार्यक्रम सञ्चालन गर्न सक्ने, • असिंचित क्षेत्र र कम उर्वर जमिनलाई प्राथमिकता दिईने।	• रैथाने वालीको बीउ खरिदमा अनुदान • वाली उत्पादन, विविधिकरण तथा बजारीकरण सामग्री उपकरण (डिजिटल तराजु, बोरा खरिद तथा छपाई, बोरा सिउने मेसिन, लेबलिङ्ग, प्याकेजिङ्ग गर्ने वस्तु एवं मसिन र कुटानी पिसानी मेसिन आदि) मा खरिदमा अनुदान सहयोग	• कार्यक्रमको लागि स्विकृत कार्ययोजनाको कुल लागतमा ५० प्रतिशत वा प्रति हेक्टर अधिकतम रु १ लाख मध्ये जुन कम हुन आउछ सो रकम अनुदान उपलब्ध गराईनेछ।
			• सहभागीतात्मक जातीय छनौट तथा प्रदर्शन गरी passport data का आधारमा पञ्जीकरण, • जनचेतनामूलक कार्यक्रम सञ्चालन, • ब्रान्डिङ्ग तथा लेबलिङ्गमा सहजिकरण, • स्थानीय फुड फेस्टीवलमा सहयोग	• कार्यालय वा स्थानीय तहका कृषि प्राविधिकले सञ्चालन गर्ने १०० प्रतिशत।
(ज)	सहकारीको साझेदारीमा रेशम खेती विस्तार कार्यक्रम	• सहकारीको साझेदारीमा रेशम खेती विस्तार गर्नुपर्ने, • बाँझो जमिनमा खेती गर्नेलाई प्राथमिकता दिइने, • रेशम धागो प्रशोधन गर्ने गरी अनुदान प्राप्त गरेमा कोया उत्पादन गर्ने स्थानीय कृषकको कोया खरिद गरी दिने शर्तनामा गराउनु पर्ने, • रेशम धागोबाट कपडा बुन्ने कार्यक्रमको हकमा धागो उत्पादक स्थानीय कृषकसँग खरिदका लागि सर्तनामा गरिएको हुनुपर्ने।	• किम्बु क्षेत्र विस्तारका लागि विरुवा/बीउ तथा रेशम वीज वितरण, • सिंचाई सामग्री तथा पूर्वाधार सहयोग, • चौकि कीरा तथा ठूला किरापालन घर निर्माण, • कोकुन ड्रायर, • धागो तथा कपडा बुन्ने मसिन • रेशम खेती तालिम (रेशम खेती विकास केन्द्रको समन्वयमा तालीम सञ्चालन गर्ने)।	• बीउ/विरुवा तथा मेशीनरी औजार, किरापालन घर तथा धागो तथा कपडा बनाउने उद्योग र अन्य पूर्वाधार विकासमा बढीमा ५० प्रतिशत अनुदान, • सबै क्रियाकलाप सञ्चालनको लागि प्रति प्रस्ताव अधिकतम रु १५ लाखसम्म अनुदान उपलब्ध गराउने।
(झ)	मौरी विकास कार्यक्रम (जिल्ला स्तर)	• मौरी सम्बन्धी प्रस्तावित क्रियाकलापमा अनुभव वा तालिम लिएका व्यवसायीलाई प्राथमिकता दिइने, • मौरी सहितको कम्तीमा २५ घार मौरी पालन गरेको वा विस्तार गर्न सक्ने हुनुपर्ने।	• आधार चाका, प्याकेजीङ्ग, लेबलिङ्ग र प्रशोधन उपकरण (मह, कुट र मैन) तथा अन्य आवश्यक उपकरण खरिद, • उन्नत रानु खरिद, रानु उत्पादन, रोयल जेली उत्पादन, मौरी विष उत्पादन, प्रोपोलिस, मैन उत्पादन तथा विविधिकरण	• एउटा अनुदानग्राहीलाई स्विकृत कार्ययोजनाको कुल लागतको ५० प्रतिशत वा रु १ लाख मध्ये जुन कम हुन आउछ सो रकम अनुदान उपलब्ध गराईने।

<table>
<tr><th>क्र.सं.</th><th>कार्यक्रम</th><th>मापदण्ड</th><th>सञ्चालन गर्न सकिने क्रियाकलापहरु</th><th>अनुदान रकम/प्रतिशत</th></tr>
<tr><td>(ञ)</td><td>दलहन/तेलहन बाली विकास कार्यक्रम/धान प्रवर्द्धन कार्यक्रम/मकै उत्पादन कार्यक्रम</td><td><table>
<tr><td>खायन बाली</td><td>तराई</td><td>पहाड</td></tr>
<tr><td>व्यक्तिगत</td><td>१ हेक्टर</td><td>०.५ हेक्टर</td></tr>
<tr><td>सामुहिक</td><td>३ हेक्टर</td><td>२ हेक्टर</td></tr>
<tr><td>बिजबृद्धी</td><td>तराई</td><td>पहाड</td></tr>
<tr><td>व्यक्तिगत</td><td>१ हेक्टर</td><td>०.५ हेक्टर</td></tr>
<tr><td>सामुहिक</td><td>२ हेक्टर</td><td>१ हेक्टर</td></tr>
</table></td><td>• खायन बाली उत्पादन तथा प्रशोधन, बीज बृद्धि तथा बीउ प्रशोधन, उन्नत जात विस्तार,
• सिंचाई पूर्वाधार र पोष्ट हार्भेष्ट कृयाकलाप
• उर्वराशक्ति व्यवस्थापन, सीप/जनचेतना विकास, बीज बृद्धि सहयोग आदि।</td><td>• कार्यक्रमको लागि स्विकृत कार्ययोजनाको कुल लागतको ५० प्रतिशत वा प्रति हेक्टर रु १ लाख मध्ये जुन कम हुन आउछ सो रकम अनुदान उपलब्ध गराईने।</td></tr>
<tr><td>(ट)</td><td>सघन बाली विकास कार्यक्रम</td><td>• जिल्लामा रहेका विभिन्न सिंचाई प्रणालीका प्रभाव क्षेत्र मध्येबाट सघन बाली उत्पादन कार्यक्रम सञ्चालनका लागि उपयुक्त क्षेत्र छनौट गर्नसक्नेछ।
• यस्ता क्षेत्रहरु छनौट गर्दा व्यवसायिक कृषि उत्पादन हुने गरेको क्षेत्रलाई प्राथमिकता दिईने।
• बर्षे मसिना/बासनादार धान उत्पादन र बाली सघनता वृद्धिका लागि बाह्रै महिना (एक बर्षमा कम्तीमा ३ बाली) खेती गर्नु पर्नेछ ।
• चैते धान र वसन्ते मकै खेती हुन सक्ने स्थानलाई प्राथमिकता दिईने ।
• कार्यक्रम सञ्चालनका लागी कम्तिमा २० हे क्षेत्रफल एकै क्लष्टरमा हुनु पर्नेछ ।
• छानिएका क्लस्टरमा एक सिजनमा एक बालीको क्षेत्रफल कम्तिमा ५ हेक्टर हुनुपर्नेछ ।</td><td>• मसिना धान उत्पादन तथा वीज वृद्धि,
• बाली सघनता वृद्धि,
• नयाँ बाली तथा उन्नत जात विस्तार,
• उर्वराशक्ति व्यवस्थापन,
• बाली संरक्षण सहयोग,
• सीप/जनचेतना विकास,
• बजार सम्बन्धी विकास,
• कृषि यन्त्रीकरण,
• बीज वृद्धि सहयोग,
• बजार नवप्रवर्द्धन।
• पोष्ट हार्भेष्ट कृयाकलाप
• सिंचाई पूर्वाधार विस्तार</td><td>• कार्यक्रमको लागि स्विकृत कार्ययोजनाको कुल लागतको ५० प्रतिशत वा प्रति हेक्टर अधिकतम रु १ लाख मध्ये जुन कम हुन आउछ सो रकम अनुदान उपलब्ध गराईने।</td></tr>
<tr><td>(ठ)</td><td>महिला मैत्री (च्याउ/तरकारी /अन्य) कृषि विकास कार्यक्रम</td><td>• महिला कृषकका लागि उपयुक्त बालीवस्तुलाई प्राथमिकता दिई सञ्चालन गरिनु पर्ने,
• च्याउ, तरकारी, अदुवा, बेसार, अन्य वाली वस्तु आदि क्षेत्रमा सूचना अवधि भित्र महिला उद्यमीले कृषि व्यवसाय सञ्चालनका लागि माग गरिएको आवेदन पत्र हुनुपर्ने,
• तरकारी तथा अन्य बालीको उत्पादनको हकमा प्रति प्रस्ताव आधा हेक्टरको क्षेत्रफल र च्याउ खेतीको लागि न्यूनतम ८०० वल वा पोकामा च्याउ उत्पादन गर्नुपर्ने।</td><td>कार्यक्रमले सम्बोधन गर्ने क्षेत्रहरु कृषि बस्तु उत्पादन, सिंचाई, प्रशोधन तथा बजारीकरण।</td><td>• स्विकृत कार्ययोजनाको कुल लागतको ५० प्रतिशत वा रु १ लाख मध्ये जुन कम हुन्छ सो रकम अनुदान उपलब्ध गराउने।</td></tr>
</table>

क.सं.	कार्यक्रम	मापदण्ड	सञ्चालन गर्न सकिने क्रियाकलापहरु	अनुदान रकम/प्रतिशत
४	अन्य कृषि कार्यक्रम			
(क)	शहरी तरकारी आत्मनिर्भर कार्यक्रम	• शहरी क्षेत्रका कम्तिमा २० घरधुरी संलग्न हुनु पर्ने • कृषक समुह वा कृषि सहकारी संस्थाले आबेदन पेश गर्न सक्ने • घरको छतमा कौशी खेती र कम्पाउण्ड भित्र तरकारी लगाउनु पर्ने।	• कौसी खेतीका लागि आवश्यक उत्पादन सामग्री (पोलीव्याग र हजारी आदि) • गडेउला सहित भर्मी कम्पोष्ट पिट निर्माण • बीउ तथा बिरुवा, बिषादी, थोपा सिंचाई, साना कृषि औजार उपकरण आदि	• प्रति अनुदानग्राही रु ५० हजार वा स्विकृत कार्ययोजनाको ५० प्रतिशत मध्ये जुन कम हुन आउछ सो रकम अनुदान उपलब्ध गराईने।
(ख)	खाद्यान्न बीउ प्रशोधन तथा पूर्वाधार निर्माण सहयोग	• कृषक समुह तथा कृषि सहकारीले आबेदन दिन सक्ने • बार्षिक न्युनतम ५० मे टन खाद्यान्न बालीको प्रमाणित बीउ उत्पादन गरेको हुनु पर्ने • कम्तिमा ३ बर्ष देखि खाद्यान्न बालीको बीज बृद्धि कार्यमा संलग्न भएको हुनु पर्ने । • पुर्बाधार निर्माणका लागी कम्तिमा ५ कट्ठा जमिन आबेदकको स्वामित्वमा रहेको हुनु पर्ने ।	• खाद्यान्न बीउ प्रशोधनका लागी आवश्यक औजार उपकरण खरिद, • गोदाम घर निर्माण, • थ्रेसिङ्ग फ्लोर निर्माण • अन्य पूँजिगत सूधार आदि	• प्रति अनुदानग्राही अधिकत रु २० लाख वा स्विकृत कार्ययोजनाको कुल लागतको ५० प्रतिशत मध्ये जुन कम हुन आउछ सो रकम अनुदान उपलब्ध गराईने।
(ग)	सामुदायिक बीउ बैंक/ भण्डार गृह/ नश्ल संरक्षण केन्द्र सहयोग	• कृषक समुह तथा कृषि सहकारीले आबेदन पेश गर्न सक्ने • बार्षिक न्युनतम १० मे टन खाद्यान्न बालीको प्रमाणित बीउ उत्पादन गरेको हुनु पर्ने • पुर्बाधार निर्माणका लागी कम्तिमा ३ कट्ठा जमिन आबेदकको स्वामित्वमा रहेको हुनु पर्ने ।	• खाद्यान्न बीउ प्रशोधनका लागी आवश्यक औजार उपकरण खरिद, • गोदाम घर निर्माण, • थ्रेसिङ्ग फ्लोर निर्माण • अन्य पूँजिगत सूधार आदि	• प्रति अनुदानग्राही अधिकतम रु ३ लाख वा स्विकृत कार्ययोजनाको कुल लागतको ५० प्रतिशत मध्ये जुन कम हुन आउछ सो रकम अनुदान उपलब्ध गराईने।
(घ)	सामाजिक परिचालनका लागी संघ संस्थासंगको सहकार्यमा कार्यक्रम सञ्चालन,	• कृषि विकास तथा सामाजिक परिचालनको क्षेत्रमा कम्तिमा ३ बर्ष अनुभव भएको गैर सरकारी वा सामाजिक संस्था मार्फत जिल्ला स्थित कृषि विकास कार्यक्रम सञ्चालनमा सहयोग गर्ने • कृषि उत्पादन स्वस्थ्य तथा संतुलित उपभोग युवा उद्यमशिलता लगायत सामाजिक विकासका आयामहरु समेटिने गरी कार्यक्रम सञ्चालन गरिने । • सहायक स्तरको कर्मचारी व्यवस्थापन गरी खटाउने।	• जिल्ला स्थित कृषि विकास कार्यक्रम सञ्चालनमा सहयोग गर्ने, • संस्थागत विकासमा सहयोग, • सूचना केन्द्र वा हेल्प डेस्कमा जनशक्ति ब्यवस्थापन गरी सहयोग गर्ने, • समुदायमा संचना प्रवाह र सचेतना फैलाउने कार्यक्रमहरुमा सहयोग गर्ने।	• प्रति संघ सस्था रु ६ लाख वा स्विकृत कार्ययोजनाको ५० प्रतिशत मध्ये जुन कम हुन आउछ सो रकम अनुदान उपलब्ध गराईने।
(ङ)	फलफूल बगैचा स्थापना/	• फलफूलको जात, रेखाङ्कन, खाडलको तयारी, मलखाद, बगैंचा व्यवस्थापन आदि प्राविधिक मापदण्ड अनुसार फलफूल वगैचा स्थापना हुनुपर्ने,	• सिंचाइका लागि सामग्री खरिद, • सिकेचर, आरी, विडर, स्प्रेयर लगायतको औजार/उपकरण खरिद,	• क्षेत्र विस्तारको उल्लेखित क्रियाकलापहरु गर्नको लागि ५० प्रतिशत वा प्रति हेक्टर रु. १

क्र.सं.	कार्यक्रम	मापदण्ड	सञ्चालन गर्न सकिने क्रियाकलापहरु	अनुदान रकम/प्रतिशत
	सुधार/ फलोअप कार्यक्रम	• जग्गा भाडामा लिएको भए कम्तिमा १० वर्षको करार सम्झौता हुनुपर्ने, • जग्गाको क्षेत्रफल कम्तिमा १ हेक्टरको क्लष्टरमा बढीमा ३ वटा बगैंचा • फलफूल बगैचा थप सुधार तथा फलोअप कार्यक्रम	• वेर्ना रोप्न रेखाङ्कन र खाडलको तयारी (मलखाद समेत), • वेर्ना खरिद र ढुवानी, • जैविक वन्देज वा bio-fencing को कार्य, • बगैचाको थप सुधार तथा फलोअप का कुनै पनि क्रियाकलापहरु।	लाखमा नबढने गरी अनुदान उपलब्ध गराउने। • अर्को वर्षमा प्रति विरुवा रु १०० का दरले व्यवस्थापन खर्च उपलब्ध गराउने।

द्रष्टव्यः

(क) समग्र जिल्लास्तर कृषि विकास कार्यक्रम सञ्चालनका लागि अनुसूची-२ मा उल्लेखित कार्यक्रमसँग सम्बन्धित कागजातहरु अनिवार्य पेश गर्नुपर्नेछ।

(ख) स्वीकृत कार्ययोजनाका कृयाकलापहरुमा प्रचलित कानून बमोजिमको दररेट अनुसार सामग्री तथा अन्य सेवा खरिद गरेका अनुदानग्राहीहरुलाई मात्र अनुदान रकम प्रवाह गर्नुपर्नेछ ।

(ग) घरमा प्राप्त हुने सामग्री र पारिवारीक श्रमको हकमा अनुदान रकम उपलव्ध गराईनेछैन।

(घ) भूमिहीन तथा सिकान्तकृत कृषकको हकमा जग्गा भाडा वा लिजमा लिई खेती गरेमा प्रचलित दर अनुसार अनुदान रकम उपलव्ध गराउन सकिनेछ।

(ङ) PMAMP लगागत अन्य संघ संस्थासँग दोहोरोपन नहुने गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

मन्त्री

परिच्छेद -३

कार्यक्रम सञ्चालन प्रक्रिया

६. **प्रस्ताव मागः** कार्यालयले स्वीकृत बजेट तथा कार्यक्रम अनुसार अनुसूची-१ को ढाँचामा सूचनाको पहुँचमा शुनिश्चितता हुने गरी कम्तिमा १५ दिनको सूचना प्रकाशन गरी उद्यमी कृषक/निजी फर्म/समूह/सहकारी/कम्पनीहरुसँग प्रस्ताव माग गर्नेछ।

तर, प्रविधि विकास, विस्तार तथा सेवाटेवा कार्यक्रम सञ्चालन गर्ने सम्वन्धमा सम्वन्धित विषय विज्ञको सिफारिसमा कार्यालयको बैठकमा वास्तविक सेवाग्राही छनौट गरी स्वीकृत कार्ययोजना अनुसार कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

७. **प्रस्ताव पेशः** सूचनामा तोकिए बमोजिमको कागजात सहित दफा ५ मा उल्लेखित कार्यक्रमहरुमा मापदण्ड पुगेका ईच्छुक प्रस्तावकले अनुसूची-२ को निवेदनको ढाँचा सहित तोकिए बमोजिमको कार्यालयहरुमा अनुसूची-३ बमोजिमको ढाँचामा प्रस्ताव पेश गर्नु पर्नेछ।

८. **प्रस्ताव मूल्याङ्कन सिफारिसः** (१) प्रारम्भिक छनौटबाट स्वीकृत भएका प्रस्तावहरुको स्थलगत प्रमाणीकरण गर्नको लागि कार्यालयले कार्यदल बनाई कर्मचारी खटाउन सक्नेछ।

(२) कार्यदलले स्थलगत प्रमाणीकरण गरी अनूसूची-४ वमोजिम प्रस्ताव मूल्याङ्कनका आधारमा प्राथमिकताक्रम तयार गरी दफा १२ बमोजिमको समिति समक्ष छनौट भएका प्रस्ताव सिफारिस गर्नु पर्नेछ।

९. **सम्झौता प्रक्रियाः** (१) छनौट भएका अनुदानग्राहीलाई कम्तीमा ७ दिनको म्याद दिइ सम्झौताको लागि बोलाउनुपर्नेछ ।

(२) सम्झौता गर्न बोलाउंदा अनुदानग्राहीसँग कार्यक्रम कार्यान्वयनको कार्ययोजना पनि माग गर्नुपर्नेछ र प्रस्तावकले पेश गरेको क्रियाकलाय र कार्ययोजना कार्यालयले स्विकृत गर्नेछ ।

(३) सम्झौता भैसकेपछि सम्बन्धित अनुदानग्राहीलाई कार्यादेश दिनुपर्नेछ ।

(४) कार्यालयले कार्यक्रम कार्यान्वयन तथा अनुगमन कार्ययोजना र भुक्तानी तालिका समेत तयार गरी सम्झौताको अनुसुचीको रुपमा राख्नुपर्नेछ ।

परिच्छेद-४

समिति सम्बन्धी व्यवस्था

१०. **निर्देशक समितिः** (१) कार्यक्रम सञ्चालनको लागि आवश्यक नीति तथा निर्देशनका लागि देहाय बमोजिमको निर्देशक समिति गठन हुनेछ :-

मा.मन्त्री, भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय	अध्यक्ष
सचिव, मूख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय	सदस्य
सचिव, भौतिक पूर्वाधार विकास मन्त्रालय	सदस्य
सचिव, उद्योग, पर्यटन, वन तथा वातारण मन्त्रालय	सदस्य
निर्देशक, कृषि विकास निर्देशनालय	सदस्य

मन्त्री

निर्देशक, पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय — सदस्य

सचिव, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय — सदस्य सचिव

(२) समितिले आवश्यकता अनुसार कुनै २ जना विशेषज्ञ वा पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) निर्देशन समितिको काम, कर्तब्य र अधिकारः यस कार्यक्रम सञ्चालनका लागि नीतिगत व्यवस्था तथा समस्या समाधान सम्बन्धमा आवश्यक निर्देशन दिने हुनेछ।

११. <u>कार्यक्रम व्यवस्थापन समिति</u>ः (१) कार्यक्रम कार्यान्वयन तथा व्यवस्थापन गर्न देहाय बमोजिमको कार्यक्रम व्यवस्थापन समिति रहनेछ :-

क) कार्यक्रम सञ्चालन गर्ने निकायको प्रमुख -संयोजक

ख) प्रमुख, विषयगत शाखा -सदस्य

ग) प्रमुख, आर्थिक प्रशासन शाखा -सदस्य

घ) प्रमुख, जिल्ला कृषि सहकारी संघ -सदस्य

ङ) प्रदेश लेखा नियन्त्रक कार्यालयको प्रमुख वा सम्बन्धित जिल्लाको कोष तथा लेखा नियन्त्रक कार्यालयको प्रमुख वा निजले तोकेको प्रतिनिधि -सदस्य

च) सम्बन्धित शाखा प्रमुख -सदस्य सचिव

(२) उपदफा (१) को खण्ड (ख) बमोजिमको सदस्य शाखा प्रमुख रहेको भए सम्बन्धित निकायको प्रमुखले तोकेको प्राविधिक कर्मचारी सदस्य सचिव रहनेछ ।

(३) उपदफा (१) को खण्ड (घ) बमोजिम जिल्ला कृषि सहकारी संघबाट एकजना प्रतिनिधि कार्यालयले तोक्न सक्नेछ।

(४) समितिको बैठकमा आवश्यकता अनुसार बढीमा दुईजनासम्म विषय विज्ञहरुलाई आमन्त्रण गर्न सकिनेछ।

(५) एउटा कार्यक्रमका लागि समितिको प्रति चौमासिक एकको दरले बढीमा तीन बैठक भित्र आर्थिक दायित्व सीमित गर्नुपर्नेछ ।

१२. <u>कार्यक्रम व्यवस्थापन समितिको काम कर्तब्य र अधिकारः</u> (१) कार्यक्रम ब्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) कार्यक्रम सञ्चालन स्थल वा क्षेत्र छनौटका आधार तय गरी अनुमोदन गर्ने,

(ख) अनुदानित कार्यक्रमको अनुदानको सीमा र कार्य योजना स्वीकृत गर्ने,

(ग) कार्यक्रम सञ्चालनको लागि सूचना, प्रस्ताव र प्रस्ताव मूल्याङ्कनका आधार तयार गरी सिफारिस गर्ने,

(घ) कार्यक्रमका प्राप्त प्रस्तावहरुको मूल्याङ्कन स्वीकृत गर्ने, गराउने,

(ङ) छनौट भएका स्वीकृत प्रस्तावहरुलाई ७ दिनको उजुरी म्याद प्रश्चात प्रस्तावकसँग सम्झौता गर्न कार्यालयलाई सिफारिस गर्ने,

(च) कार्यक्रमको अनुगमन गर्ने, गराउने।

मन्त्री

परिच्छेद -५

अनुदानित कार्यक्रमको भुक्तानी प्रकृया तथा लेखा परीक्षण

१३. <u>अनुदान रकमको भुक्तानी प्रक्रिया:</u> (१) कार्यालयले अनुदान रकमबाट कार्यक्रम सञ्चालन गर्दा खरिद व्यवस्थापन सम्बन्धी प्रक्रिया प्रचलित सार्वजनिक खरिद ऐन तथा सार्वजनिक खरिद नियमावली अनुसार हुनेछ ।

(२) संस्थागत रुपमा दर्ता भइ काम गर्ने कृषक समूह, सहकारी वा फर्म वा कम्पनीहरुको हकमा संस्थाको आर्थिक कार्यविधि वा विनियम र कार्यालयको निर्देशन अनुसार खरिद सम्बन्धी कार्य सञ्चालन गर्न सक्नेछन।

(३) व्यक्तिगत रुपमा अनुदान प्राप्त गर्ने कृषक वा उद्यमी वा समूह, सहकारीका सदस्यहरुबाट सञ्चालन हुने कार्यक्रमको हकमा सम्झौतामा उल्लेख भएको कार्ययोजना अनुसार स्विकृत बजेट सिमाभित्र रही अनुदानग्राहीले खरिद गरेको बिल भर्पाइको आधारमा भुक्तानी गर्न सकिनेछ ।

(४) एक लाख भन्दा बढी मुल्य पर्ने वस्तु वा सेवा खरिद गर्दा अनिवार्य रुपमा कम्तीमा तिन वटा कोटेशन लिई खरिद गर्नुपर्नेछ ।

(५) अनुदानग्राहीले सम्झौतामा भएको कार्ययोजना अनुसार कार्यालयबाट अनुदान प्राप्त गर्ने कृयाकलापहरुको सक्कल बिल भरपाई र स्वयं अनुदानग्राहीले साझेदारीमा सम्पन्न गर्ने कृयाकलापको बिल भरपाईको प्रतिलिपी संलग्न राखी भुक्तानी माग गर्न सक्नेछन।

(६) पूर्वाधार निर्माण तथा यन्त्र उपकरण खरिद जस्ता पूँजिगत अनुदान खर्चमा कन्टेन्जेन्सी नियमानुसार काटी खर्च गर्न सकिनेछ।

(७) भुक्तानी माग भएपछि कार्यालयले तोकेको प्राविधिकबाट कार्य प्रगतिको अनुगमन गरी प्रतिवेदन प्राप्त भएपछि बढीमा तीन किस्तामा सेवाग्राहीको बैंक खाता मार्फत गरिनेछ।

(८) बढिमा २५ प्रतिशत कार्य सम्पन्न भएपछि मात्र पहिलो किस्ता भुक्तानी गरिनेछ ।

(९) उपदफा (७) मा जे सुकै लेखिएको भएपनि तीन किस्तामा अनुदान प्रदान गर्दा कार्यक्रमको उद्देश्य हासिल हुने सुनिश्चितता नहुने ठानेमा सो भन्दा कम वा वढी किस्तामा समेत अनुदान रकम निकासा वा भुक्तानी गर्न सकिनेछ ।

(१०) व्यक्तिगत अनुदानग्राहीलाई पेश्की उपलब्ध गराइनेछैन।

तर समूह, सहकारी र समिति मार्फत कार्यक्रम सञ्चालन गर्दा स्विकृत अनुदान रकमको बढीमा २५ प्रतिशतसम्म पेश्की रकम उपलब्ध गराउन सकिनेछ ।

(११) प्रथम किस्ता भन्दा पछिल्लो किस्ताको रकम भुक्तानी वा निकासा गर्दा सो अगाडिका किस्ताको कामको वित्तीय तथा भौतिक प्रगति, सम्बन्धित प्राविधिकको निरीक्षण सहितको पुष्टयाई प्रतिवेदन र जिम्मेवार निकायले आवश्यक ठानेका अन्य कुराहरुको विश्लेषण गरी निकासा वा भुक्तानी गर्नु पर्नेछ।

(१२) अन्तिम किस्ताको रकम निकासा गर्दा अन्तिम किस्ता भन्दा अगाडिका किस्तामा भएको कामको वित्तीय तथा भौतिक प्रगति, अन्तिम किस्तामा भएको कामको प्रगति, सम्बन्धित

प्राविधिकको निरिक्षण सहितको पुष्ट्याइंको प्रतिवेदन, पाँच लाख भन्दा बढि अनुदानको हकमा सार्वजनिक सुनुवाई प्रतिवेदन, कार्यसम्पन्न एवं कार्यस्वीकृत प्रतिवेदन हेरी जिम्मेवार निकायले आवश्यक ठानेका अन्य कुराहरु समेतको विश्लेषण गरी बजेटको परिधिभित्र रही अर्को आर्थिक वर्षलाई दायित्व बाँकी नरहने गरी निकासा तथा भुक्तानी गर्नुपर्नेछ ।

(१३) अनुदान रकमको अन्तिम किस्ता भुक्तानी गर्दा सम्बन्धित स्थानीय तह वा जिल्ला स्थित कार्यालयको सिफारिस समेत पेश गर्नुपर्नेछ ।

तर, कार्यक्रम सञ्चालन गर्ने निकायबाट स्थलगत अनुगमन र प्रतिवेदन पेश भएको अवस्थामा भुक्तानी गर्न बाधा पर्नेछैन ।

१४. <u>अनुदानित कार्यक्रमको लेखा तथा लेखापरीक्षणः</u> (१) अनुदानित कार्यक्रमको लेखा व्यवस्था प्रचलित लेखा प्रणाली अनुसार गर्नुपर्नेछ।

(२) अनुदानित कार्यक्रमको खर्चको लेखापरीक्षण गर्ने र गराउने जिम्मेवारी सम्बन्धित कार्यालयको हुनेछ।

(३) लेखा, आन्तरिक लेखापरीक्षण तथा अन्तिम लेखापरीक्षणको प्रतिवेदन सम्बन्धित निकायमा उपलब्ध गराउने जिम्मेवारी सम्बन्धित कार्यालयको हुनेछ ।

(४) अनुदानग्राहीले समेत प्राप्त अनुदानसँग सम्बन्धित आर्थिक कारोवारको लेखा राखेको हुनुपर्नेछ।

(५) अनुदानग्राहीले राखेको लेखा सम्वन्धी विवरण सम्बन्धित कार्यालय, निर्देशनालय र मन्त्रालयले जुनसुकै बखत पनि निरीक्षण गर्न सक्नेछ ।

परिच्छेद-६

<u>विविध</u>

१५. <u>अनुगमन तथा मूल्याङ्कनः</u> (१) सञ्चालित कार्यक्रमहरु पारदर्शी र प्रभावकारी रूपमा भए नभएको सम्बन्धमा सम्बन्धित निकायले कम्तिमा द्वैमासिक रुपमा अनुगमन गर्नुपर्नेछ ।

(२) अनुदानग्राहीले अनुदानबाट सञ्चालित परियोजनाको प्रगति चौमासिक तथा बार्षिक रुपमा सम्बन्धित कार्यालयमा बुझाउनुपर्नेछ ।

(३) सञ्चालित कार्यक्रमको प्रगति विवरण मासिक, चौमासिक र वार्षिक रुपमा सम्बन्धित कार्यालयले कृषि विकास निर्देशनालय समक्ष पेश गर्नु पर्नेछ।

१६. <u>जवाफदेहीता तथा जिम्मेवारीः</u> (१) अनुदान रकम खर्चको समष्टिगत जवाफदेहिता तथा जिम्मेवारी प्रचलित कानून बमोजिम सम्बन्धित लेखा उत्तरदायी अधिकारीमा रहनेछ ।

(२) अनुदान रकम खर्च गर्ने निकायको प्रमुख त्यस्ता कार्यक्रममा भएको रकम खर्चका सम्बन्धमा जिम्मेवार हुनेछ ।

१७. <u>समन्वय र सहकार्यः</u> कार्यालय वा अनुदानग्राहीले अनुदानबाट सञ्चालन गरिने कार्यक्रम सम्भव भएसम्म नेपाल सरकार र स्थानीय तहसँगको समन्वय र सहकार्यमा गर्नुपर्नेछ ।

मन्त्री

१८. <u>पुरस्कार, सम्मान तथा असुली</u>: (१) अनुदान रकम शर्त अनुरुपका क्षेत्रमा प्रयोग गर्ने, कम लागतमा गुणस्तरीय कार्य सम्पादन गर्ने, नियमित प्रतिवेदन गर्ने, समय अगावै कार्य सम्पादन गर्ने निकायका उत्कृष्ट जिम्मेवार प्रमुखलाई समितिको सिफारिसको आधारमा कार्यालयले सम्मान गर्न सक्नेछ।

(२) अनुदान रकमको सही सदुपयोग नगर्ने, तोकिएको क्षेत्रमा प्रयोग नगर्ने अनुदानग्राहीको बाँकी अनुदान रोक्का गर्ने र भुक्तानी भइसकेको अनुदान असुल गर्ने तथा अन्य अनुदानबाट कट्टा गरिनेछ।

(३) उपदफा (२) बमोजिमका अनुदानग्राहीका जिम्मेवार प्रमुखको नाम नामेसी विवरण समेत सार्वजनिक गरिनेछ।

(४) यसरी असुल तथा कट्टा गर्दा समेत असुली नभएमा प्रचलित कानून बमोजिम हुनेछ।

१९. <u>प्राविधिक जाँचपास गर्नुपर्ने</u>: यस विधि बमोजिम सञ्चालन हुने अनुदानका कार्यक्रम सञ्चालन गर्ने जिम्मेवार निकायले तोकेको परियोजना तथा कार्यक्रमको लागत अनुमान, लेआउट, डिजायन सम्बन्धित विषयको प्राविधिकबाट जाँचपास गराउनु पर्नेछ।

२०. <u>हिसाब फरफारक गर्नुपर्ने</u>: कार्यक्रम सञ्चालन गर्ने निकायले प्रत्येक आर्थिक वर्षको अन्त्यमा अनुदानमा सञ्चालन हुने कार्यक्रमको हरहिसाब फरफारक गर्नुपर्नेछ ।

२१. <u>कारवाहीको व्यवस्था</u> : सम्झौता अनुसार कार्य नगरेमा तथा अनुदान प्राप्त सामग्री वा रकमको दुरुपयोग गर्ने अनुदानग्राहीसँग प्रचलित कानून बमोजिम सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

२२. <u>खारेजी तथा बचाउ</u> : "कृषि विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७६" खारेज गरिएको छ सो कार्यविधि बमोजिम भए गरेका काम कारवाही यसै सञ्चालन विधि बमोजिम भए गरेको मानिनेछ।

अनुसूची-१

(दफा ७ सँग सम्बन्धित)

सूचनाको ढाँचा

प्रथम पटक सूचना प्रकाशन मिति.....

चालू आ.व. .....मा यस कार्यालयको स्वीकृत कार्यक्रम अनुसार .....कार्यक्रम संचालन गर्नुपर्ने भएकोले इच्छुक .....संस्थाले सूचना प्रकाशित भएको मितिले ..... दिन भित्र (मिति.....गते भित्र) यस कार्यालयमा तपशिलको विवरण सहित निवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। प्रस्ताव साथ पेश गर्नु पर्ने निवेदनको ढाँचा, प्रस्तावको ढाँचा, संलग्न गर्नु पर्ने कागजात, मापदण्ड यस कार्यालयको सूचनापाटी/वेभसाईट ..... बाट प्राप्त गर्न सकिनेछ। रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराइन्छ।

क.स.	कार्यक्रम	सञ्चालन गर्न सकिने कृयाकलापहरु	न्यूनतम मापदण्ड	कार्यक्रम सञ्चालन हुने क्षेत्र वा स्थान	आवेदकको किसिम	अनुदानको सीमा
१						
२						
३						
४						

तपसिल विवरण

१. प्रस्तावकको सक्कल निवेदन

२. समुह/सहकारी/निजी कृषि फर्म/कम्पनीहरुले नियमानुसार दर्ता भएको प्रमाण-पत्रको प्रतिलिपि

३. स्थायी लेखा नम्बर प्रमाण-पत्रको प्रतिलिपि

४. गत आर्थिक बर्षको कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि

५. कार्यक्रम सञ्चालनको लागि कार्ययोजना सहितको प्रस्ताव

६. सम्बन्धित स्थानीय तहको सिफारिस पत्र

७. प्रस्तावकले कार्यक्रमको लागि प्रस्ताव स्वीकृत गरी अनुदान माग गर्न गरिएको निर्णयको प्रतिलिपि

८. प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपि

९. निर्माण गरिने पूर्वाधारको हकमा लागत अनुमान तथा नक्सा

१०. कार्यक्रम सञ्चालनको लागि जग्गा धनी दर्ता प्रमाण-पुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिई कार्यक्रम सञ्चालन गर्नेको लागि कम्तिमा ..... वर्षको करार गरिएको सम्झौता-पत्रको प्रतिलिपि

द्रष्टव्य: कार्यक्रमको प्रकृति अनुसार सम्बन्धित कार्यालयले सबै सरोकारवाला निकाय वा व्यक्तिलाई सूचना प्राप्तीको शुनिश्चतता हुने गरी सूचनाको अवधि थप सहित परिमार्जन गरी प्रकाशन गर्न सक्नेछ ।

मन्त्री

अनुसूची-२

(दफा ८ सँग सम्बन्धित)

निवेदनको ढाँचा

श्री प्रमुख ज्यू, मिति .....

कृषि ज्ञान केन्द्र/एकिकृत कृषि तथा पशुपन्छी विकास कार्यालय .....,

प्रदेश नं. ५, नेपाल

विषयः ..... कार्यक्रममा सहभागी हुन प्रस्ताव पेश गरेको बारे ।

प्रस्तुत विषयमा तँहा कार्यालयबाट मिति..... मा प्रकाशित गरिएको सूचना अनुसार ..... कार्यक्रममा सहभागी हुने योग्यता पुगेकोले कार्यक्रमको मापदण्ड भित्र रही कार्यालयले उल्लेख गरेको शर्तहरुको अधिनमा रही कार्यक्रम सञ्चालन गर्न निम्न बमोजिका कागजातहरू यसै पत्रसाथ संलग्न गरी यो प्रस्ताव पेश गरेका छु/छौं।

संलग्न कागजातहरुः

१. प्रस्तावकको निवेदन
२. समुह/सहकारी/निजी कृषि फर्म/कम्पनीहरुले नियमानुसार दर्ता भएको प्रमाण-पत्रको प्रतिलिपि
३. स्थायी लेखा नम्बर प्रमाण-पत्रको प्रतिलिपि
४. गत आर्थिक बर्षको कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि
५. कार्यक्रम सञ्चालनको लागि प्रस्ताव
६. प्रस्तावकले कार्यक्रमको लागि प्रस्ताव स्वीकृत गरी अनुदान माग गर्न गरिएको निर्णयको प्रतिलिपि
७. प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपि
८. निर्माण गरिने पूर्वाधारको हकमा लागत अनुमान तथा नक्सा
९. कार्यक्रम सञ्चालनको लागि जग्गा धनी दर्ता प्रमाण-पुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिई कार्यक्रम सञ्चालन गर्नको लागि कम्तिमा ..... वर्षको करार गरिएको सम्झौता-पत्रको प्रतिलिपि
१०. अनुदानग्राहीले सोही प्रकृतिको कार्यक्रममा विगत दुई वर्ष भित्र अनुदान रकम दुई लाख वा सो भन्दा बढी नपाएको स्वघोषणा पत्र पेश गर्नुपर्ने।

निवेदक

दस्तखत :

नाम :

ठेगाना :

सम्पर्क नं.:

संस्थाको छाप

द्रष्टव्यः कार्यक्रमको प्रकृति अनुसार यस ढाँचालाई आधार मानी सम्बन्धित कार्यालयले निवेदनको ढाँचा परिमार्जन गरी तयार गर्न सक्नेछ ।

मन्त्री

अनुसूची–३

(दफा ८ सँग सम्बन्धित)

कार्यक्रमको संक्षिप्त व्यवसायिक कार्ययोजनाको ढाँचा

कार्यक्रमको नामः जिल्लाः गा.पा./न.पा./उ.न.पा.:

वडा नं.: टोलः गाउँः

फर्मको नामः सञ्चालकको नामः मो.नं/ टे.नं.:

१. व्यवसायको परिचयः

२. उद्देश्यहरु :

३. कृषि व्यवसायमा अनुभवः

४. व्यवसाय सञ्चालन गरिने स्थानको संक्षिप्त विवरणः

५. व्यवसाय सञ्चालनका लागि रहेका पूर्वाधारहरु :

६. तालिम सम्बन्धी विवरण :

७. सहकार्यमा सञ्चालन गरिने प्रस्तावित कार्य विवरणः

क्र.सं.	कार्य विवरण	परिमाण	दर	कूल लागत रु	अनुदान रकम रु	साझेदारी रकम रु	संपन्न हुने समयावधि

८. सञ्चालन हुने कार्यक्रमको वातावरणीय उपयुक्तता (प्रभाव पार्ने वा नपार्ने)

९. उत्पादित वस्तुको बजार योजनाः

१०. थप आधारहरुः

उपलब्ध जग्गाको क्षेत्रफल .....

कार्यक्रमको स्पष्टता .....

अपेक्षित वार्षिक प्रतिफल

कार्ययोजना पेश गर्नेः

फर्म/कृषकको नाम :

ठेगानाः जिल्ला ..... गाउँपालिका/नगरपालिका/ उप महानगरपालिका ... /वार्ड न. .... टोल ...

फर्म सञ्चालन गरिने स्थानः

फर्म/कृषकको तर्फबाट सही गर्नेको

नामः

दस्तखतः

पदः

मिति

द्रष्टव्यः कार्यक्रमको प्रकृति अनुसार यस ढाँचालाई आधार मानी सम्बन्धित कार्यालयले कार्ययोजनाको ढाँचा परिमार्जन गरी तयार गर्न सक्नेछ ।

मन्त्री.

अनुसूची-४

(दफा ९ को उपदफा (२) सँग सम्बन्धित)

प्रस्ताव मूल्याङ्कनका आधारहरु

१. जिल्लाः

२. आवेदक संस्थाको नामः

३. कार्यक्रम सञ्चालन स्थलको ठेगानाः

४. प्रस्तावित कार्यक्रमको नामः

५. मूल्याङ्कनका आधारहरुः

क्र.सं.	विवरण	भार	प्राप्ताङ्क	कैफियत
१.	**कार्यक्रम कार्यान्वयन स्थलको भौतिक पूर्वाधारको अवस्था**	१०		
१.१	सडक सुविधा भएको	२		
१.२	बिजुली सुविधा भएको	२		
१.३	सिंचाइ सुविधा भएको	२		
१.४	जग्गाको स्वामित्व	४		
१.४.१	निजी फर्म /संस्थाको नाममा भएको	४		
१.४.२	निजी जग्गा भाडामा लिएको	२		
१.४.३	सार्वजनिक जग्गा भाडामा लिएको	३		
२	**व्यवसाय सम्वन्धी अनुभव**	५		
२.१	३ वर्ष भन्दा कम	३		
२.२	३-५ वर्ष सम्म	४		
२.३	५ वर्ष भन्दा माथि	५		
३	**प्राविधिक दक्षता/सम्बन्धित विषयको तालिम (प्रस्तावित कामदारको मात्र)**	५		
३.१	३ दिन अवधी सम्मको तालिम	२		
३.२	३ देखी ७ दिने अवधि सम्मको तालिम	३		
३.३	७ देखि १५ दिने अवधि सम्मको तालिम	४		
३.४	१५देखि माथि अवधि सम्मको तालिम	५		
४	**वित्तीय क्षमता**	१०		
४.१	कूल लगानीको ७० प्रतिशत भन्दा माथि लगानीको प्रतिबद्धता-पत्र (बैङ्क स्टेटमेन्ट वा बैङ्कको ऋण स्वीकृति/प्रतिवद्धता-पत्र)	१०		
४.२	कूल लगानीको ५५-७० प्रतिशत सम्म लगानीको प्रतिबद्धता-पत्र (बैङ्क स्टेटमेन्ट वा बैङ्कको ऋण स्वीकृति/प्रतिवद्धता-पत्र)	८		

मन्त्री

४.३	कूल लगानीको ५०-५५ प्रतिशत सम्म लगानीको प्रतिबद्धता-पत्र (बैङ्क स्टेटमेन्ट वा बैङ्कको ऋण स्वीकृति/प्रतिवद्धता-पत्र)	६		
५	**रोजगारीको अवस्था (प्रस्तावित)**	**५**		
५.१	कम्तीमा ३ जना सम्म	३		
५.२	३ जना भन्दा माथि	५		
६	**वातावरणीय/सामाजिक उपयुक्तता (प्रस्तावित)**	**१०**		
६.१	प्रस्तावित कार्यक्रमको वातावरणीय/सामाजिक प्रभाव आङ्कलन गरिएको	५		
६.२	वातावरणीय प्रभाव न्यूनिकरणका उपायहरु सामेल गरिएको	३		
७	**उत्पादित वस्तुको बजार योजना**	**१५**		
७.१	आफ्नै पहलमा उत्पादित वस्तुहरुको बजारीकरण सुनिश्चितता (आफ्नै आउटलेट भएको)	१५		
७.२	समूह/सहकारी/संस्थागत तरिकाले उत्पादित वस्तुको बजारीकरण	१२		
७.३	बजारीकरणको योजना स्पष्ट नभएको	१०		
८	**व्यावसायिक कार्य योजनाको स्पष्टता (कार्य योजना, जलवायु अनुकुलन, लगानी प्रतिफल र दिगोपना)**	**३०**		
८.१	उत्तम	३०		
८.२	राम्रो	२०		
८.३	ठिकै	१५		
९.	**खेतबारीको व्यवस्थापन**	**५**		
९.१	राम्रो	५		
९.२	ठिकै	३		
१०	**शैक्षिक योग्यता**	**३**		
१०.१	SEE सम्म	२		
१०.२	SEE भन्दा माथि	३		
११	**सम्वन्धित विषयमा बैदेशिक रोजगारीको अनुभव (कम्तिमा १ वर्ष)**	**२**		
	जम्मा	**१००**		

६. स्थलगत अनुगमनमा भेटिएका अन्य थप विवरणहरुः

क)

ख)

७. स्थलगत अनुगमन टोलीको रायः

क्र.सं.	पद	राय दिनेको नाम, थर	राय			कारण	दस्तखत
			हुन्छ	हुदैन	सुधार सहित हुन्छ		
१							
२							

मन्त्री

अनुसूची-५
(दफा १० को उपदफा ३ सँग सम्बन्धित)
सम्झौता-पत्र

आर्थिक वर्ष .../... ... मा सञ्चालन हुने ..... कार्यक्रमको लागि तथा कृषि ज्ञान केन्द्र/एकिकृत कृषि तथा पशुपन्छी विकास कार्यालय ... ... (यस पछी प्रथम पक्ष भनिने) र छनौट भएका कृषक/समूह/समिति/सहकारी ... ... (यस पछी दोश्रो पक्ष भनिने) बीच तपसिलका शर्तनामाको अधिनमा रहि कार्यक्रम सञ्चालन गर्न सम्झौता भएको छ ।

शर्तनामाहरुः

१. प्रथम पक्षले लागत साझेदारमा ..... कार्यक्रमको लागि कूल लागतरु. ... ... मध्ये अनुदान वापत रु. ... ... दोस्रो पक्षलाई रु. ... ... (अक्षरुपी रुपैँयाँ ... ...) अनुदान/सामग्री सहयोग प्रदान गर्नेछ।

२. दोश्रोपक्षले बाँकी रकमको व्यवस्था गरी ..... जिल्ला,.....गाँउपालिका/नगरपालिका वडा नं ....., मा ..... साल..... महिना भित्र सम्पन्न गर्नेछ ।

३. दोश्रोपक्षले प्रथमपक्ष समक्ष पेश गरेको स्वीकृत प्रस्ताव पत्र मुताविकको डिजाईन र ईस्टिमेट अनुसारका सम्पुर्ण कार्यहरु उच्च गुणस्तर कायम राखी सम्पन्न गर्नेछ ।

४. कार्यक्रम सञ्चालनका लागि आवश्यक निर्माण सम्बन्धी डिजाईन, ईष्टिमेट, सुपरभिजन,अन्तिम बिल र कार्य सम्पन्न प्रतिबेदन लगायतका सवै प्राविधिक कार्यहरु तथा निर्माण, खरिद, ढुवानी, सञ्चालन र जग्गाको व्यवस्था आदि दोश्रो पक्षले गर्नेछ ।

५. दोश्रो पक्षले सुरुमा आफ्नो तर्फको लगानीबाट सम्पन्न भएको कामको नियमानुसारको भ्याट बिल, दाखिला प्रतिवेदन, कार्यसम्पन्न प्रतिवेदन र आवश्यक अन्य कागजात सहित भुक्तानीका लागि प्रथमपक्ष समक्ष पेश गरे पश्चात स्थलगत प्राविधिक प्रतिवेदनको आधारमा मनासिव ठहरे दोश्रो पक्षको बैंक खातामा एकमुष्ठ भुक्तानी दिनेछ ।

६. दोश्रो पक्षले भुक्तानी माग गरेपछी प्रथम पक्षले तोकेको प्राविधिकबाट कार्य प्रगतिको अनुगमन गरी प्रतिवेदन प्राप्त भएपछि बढीमा तीन किस्तामा कार्य प्रगतिको आधारमा भुक्तानी गरिनेछ।

७. प्रथम पक्षले कुनैपनि बखत संचालित कार्यको अनुगमन/ निरिक्षण गरी सम्झौता मुताबिक कार्य भए/नभएको हेर्न र आवश्यक सल्लाह सुझाव दिन सक्नेछ ।

८. दोश्रोपक्षले कार्यक्रम सञ्चालन स्थलमा सबैले देख्ने गरी अनिवार्य रुपले कार्यक्रमको नाम, ठेगाना तथा सहयोगी निकायको नाम र अनुदान रकम उल्लेखित होडिङ्ग बोर्ड सबैले देख्ने गरी राख्नेछ ।

९. कार्यक्रम सञ्चालनका दौरान वा सम्पन्न भए पश्चातको सञ्चालन, मर्मत सम्भार, व्यवस्थापन, जोखिम र दिगोपनका लागि गरिने कार्यहरु तथा अप्रत्याशित रुपमा श्रृजित सबै प्रकारका दायित्व र जिम्मेवारी दोस्रो पक्षको हुनेछ ।

१०. दोस्रो पक्षले नियमित रुपमा (कम्तिमा चौमासिक अवधिमा) कार्यक्रमको प्रगती, उपलब्धी एवं कारोवार सम्बन्धी विवरणहरु प्रथमपक्षलाई अनिवार्य रुपमा उपलब्ध गराउनु पर्नेछ ।

११. कार्यक्रम सञ्चालनका दौरान कुनै कुरामा हेरफेर वा परिमार्जन गर्नु परेमा दुवै पक्षको आपसि सहमति अनुसार हुनेछ ।

१२. सम्झौतामा उल्लेख हुन छुटेका विषयहरुको हकमा प्रचलित कानून र दुवै पक्षको आपसी सहमति अनुसार हुनेछ ।

१३. द्विपक्षिय सम्झौता मुताबिकको काम नभई रकम दुरुपयोग हुन सक्ने देखेमा पथम पक्षले एक पटकका लागि सचेत गराउने र त्यसो गर्दा पनि सुधार नदेखिए एक पक्षिय रुपमा सम्झौता भङ्ग गर्ने र हिनामिना भए बराबरको रकम दोश्रो पक्षवाट सरकारी बाँकी सरह असुल उपरको प्रक्रिया अगाडी बढाउन सक्नेछ।

मन्त्री

१४.दोस्रो पक्षले प्रथम पक्ष समक्ष पेश गरेको स्वीकृत प्रस्ताव पत्र मुताबिकको डिजाइन, ईस्टिमेट र दरभाउ मेशिनरी, उपकरण र अन्य सामानहरु खरिद गर्नु पूर्व प्रथम पक्षसँग स्वीकृत गराई सम्पूर्ण कार्यहरु उच्च गुणस्तर कायम राखी निर्धारित समय भित्र सम्मन्न गर्नेछ । यसो नगरेको खण्डमा प्रथम पक्ष रकम भुक्तानी दिन बाध्य हुने छैन ।

१५.प्रथम पक्ष र दोश्रो पक्ष बीच सम्झौताको लागत अनुमानमा देहायको खर्चका श्रोतहरु रहनेछन।

(क) प्रथम पक्षले व्यहोर्ने लागत रु. .....

(ख) दोश्रो पक्षले व्यहोर्ने लागत रु. .....

(ग) अन्य श्रोतबाट प्राप्त लागत रु. .....

(घ) कन्टेन्जेन्सी रकम रु. .....(यो रकम नियमानुसार खर्च गर्न सकिनेछ)

(ङ) प्रस्तावनाको कुल लागत रु. .....

प्रथम पक्षको तर्फबाट	दोश्रो पक्षको तर्फबाट
नामः	नामः
पदः	पदः
दस्तखतः	दस्तखतः
मितिः	मितिः
कार्यालयको छाप	संस्थाको छापः

रोहवर

नामः	नामः
पदः	पदः
दस्तखतः	दस्तखतः
मितिः	मितिः
कार्यालयको छाप	संस्थाको छापः

इतिसम्वत् .... साल .... महिना ..... गते रोज ..... शुभम्।

नोटः द्विपक्षीय सम्झौतामा आवश्यकता मुताविकको अन्य सान्दर्भिक बुँदाहरु थप गर्न सकिनेछ।